# बाँसगढी राजपत्र

खण्ड : १ अंक : ५ प्रमाणिकरण : २०७५।०६।१८

प्रकाशन मिति : २०७५।०६।२२

भाग - १

बाँसगढी नगरपालिका

**बाँसगढी नगरपालिका नगर कार्यपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०७४)**

## प्रस्तावनाः

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बाँसगढी नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ ः

(१) यो ऐनको नाम बाँसगढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन .बाँसगढी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. परिभाषा ः (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले बाँसगढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने ऐन, २०७४ सम्झनु पर्छ ।
(ख) "कार्यपालिका" भन्नाले बाँसगढी नगर कार्यपालिका सम्झनु पर्छ ।
(ग) "नगरपालिका" भन्नाले बाँसगढी नगरपालिका सम्झनु पर्छ ।
(घ) "सभा" भन्नाले संविधानको धारा २२२ बमोजिमको नगरसभा वा धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।
(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियम बनाउने अधिकार ः

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य नमूना जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बाँसगढी नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्नेः**

(१) संविधान तथा यस ऐनको अधिनमा रही बाँसगढी नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।